# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २४६ | काठमाडौं | शुक्रबार, २२ पुस २०७९ | Prabhab National Daily | Friday, January 6, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## जिप्रका काठमाडौंको सेवामा 'टाइम कार्ड'



- विभिन्न १० वटा सेवा प्रवाहका लागि समय तोकियो
- ६५ वर्षभन्दा माथिका नागरिकलाई सेवा दिन सहयोगी
- अशक्त, दूधे बालक बोकेका महिलालगायतले लाइनमा बस्नु नपर्ने
- प्रजिअ आफैंले गुनासो सुन्ने व्यवस्था

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** जिल्ला प्रशासन कार्यालय काठमाडौंले विभिन्न सेवा प्रवाहमा 'टाइम कार्ड' लागू गरेको छ । नागरिकको सेवा प्रवाहलाई प्रभावकारी बनाउन बिहीबारदेखि टाइम कार्ड गरिएको हो ।

टाइम कार्डले प्रशासनको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउने प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले बताए । सेवाग्राहीको गुनासो सुन्न प्रजिअ आफैं सक्रिय हुने व्यवस्थासमेत लागू गरिएको छ। यस्तै, ६५ वर्षभन्दा माथिका नागरिकलाई सेवा दिन सहयोगी खटाउन थालिएको छ । अन्य अशक्त, दूधे बालक बोकेका महिलालगायतलाई लाइनमा नराखी सेवा प्रवाह गर्ने व्यवस्था पनि मिलाइएको छ ।

काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीका अनुसार कार्यालयबाट उपलब्ध हुने विभिन्न १० वटा सेवा प्रवाहका लागि समय तोकिएको छ । जसमध्ये चारवटा सेवामा बिहीबारदेखि नै समय कार्ड लागू भएको उनले बताए । नयाँ नागरिकता, संघसंस्थाको नवीकरण, नाबालक प्रमाणपत्र प्राप्ति र मुद्दाको पेसी तथा तारिखमा बिहीबारदेखि नै समय कार्ड कार्यान्वयनमा ल्याइएको छ ।

नागरिकताका लागि एक घण्टा, संस्था नवीकरणका लागि ३० मिनेट, नाबालक प्रमाणपत्र प्राप्तिका लागि एक घण्टा र मुद्दाको पेसी र तारिखमा ३० मिनेटभित्र सेवा प्रवाह गर्ने गरी समय कार्य तोकिएको सहायक प्रजिअ खत्रीले जानकारी दिए । नयाँ नागरिकतामा मात्रै समय कार्ड लागू भएको तर प्रतिलिपि लिनका लागि भने लागू नभएको उनले बताए । 'कसैले आफ्नो नागकिरता बनाउनुपर्‍यो भने आवश्यक कागजपत्र लिएर प्रशासन गएर बुझाएपछि फाँटका कर्मचारीले हेरेर कागजात पुग्यो भनेको एक घण्टाभित्रमा नागरिकता दिनेगरी टाइम कार्ड लागू गरिएको छ,' उनले भने ।

तयार भएको राष्ट्रिय परिचयपत्र वितरणमा व्यक्ति सम्बन्धित फाँटमा आएर (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# विवादमा मौसमी कामदार व्यवस्थापन निर्देशिका

- अव्यावहारिक भएको भन्दै तत्काल खारेज गर्न व्यवसायीको माग
- श्रम मन्त्रालय भन्छ– दक्षिण कोरियाका लागि मात्र लागू हुन्छ


**■ मोहनप्रसाद पन्त**

**काठमाडौं–** सरकारले हालै ल्याएको 'मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९'को वैदेशिक रोजगार व्यवसायीहरूले विरोध जनाएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको उक्त निर्देशिका अव्यावहारिक भएको भन्दै व्यवसायीसम्बद्ध विभिन्न संघसंस्थाले खारेज गर्न माग गरेका छन् ।

मन्त्रालयले केही दिन अघिमात्रै वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरूमा प्राप्त हुन सक्ने मौसमी प्रकृतिका कामका लागि छोटो अवधिको वैदेशिक रोजगारलाई सुरक्षित, कम खर्चिलो, मर्यादित, व्यवस्थित गर्ने उद्देश्यले निर्देशिका जारी गरेको थियो । निर्देशिकामा कुन-कुन देशका लागि लागू हुने भन्ने स्पष्ट खुलाइएको छैन । तर, व्यवसायीको विरोधपछि भने मन्त्रालयले निर्देशिका दक्षिण कोरिया जाने मौसमी कामदारलाई लक्षित गरी ल्याइएको बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीहरूको छाता संगठन नेपाल वैदेशिक रोजगार संघले मन्त्रालयले जारी गरेको निर्देशिकाको विरोध जनाएको छ । संघका संयोजक विमल ढकालले छोटो अवधि भने पनि लामो समय भने पनि वैदेशिक रोजगारीसम्बन्धी गतिविधि म्यानपावर व्यवसायीले नै गर्न पाउनुपर्ने बताए । आफूहरूसँग परामर्श नगरी निर्देशिका ल्याएको भन्दै उनले आपत्ति जनाए । 'सरकारले व्यवसायीहरूसँग कुनै छलफल नै नगरी यो निर्देशिका ल्याएको छ,' संयोजक ढकालले भने, 'वैदेशिक रोजगारसम्बन्धी काम गर्न इजाजत लिएर बसेका संस्थाहरूलाई बाहिर राखेर ल्याइएको नीति, नियम, निर्देशिका जे भने पनि यसप्रति हाम्रो आपत्ति छ ।'

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मौसमी कामदार व्यवस्थापनसम्बन्धी निर्देशिका अस्पष्टरूपमा आएको भन्दै विरोध जनाएको छ । एसोसिएसनले निर्देशिका आफैंमा दोहोरो अर्थ लाग्ने र अस्पष्ट भएको हुनाले नेपाल सरकारले के गर्न खोजेको भन्ने कुरा नै अस्पष्ट र भ्रमपूर्ण रहेको बिहीबार विज्ञप्तिमार्फत उल्लेख गरेको छ । कामदारको मागपत्र प्रमाणीकरणका लागि सम्बन्धित नेपाली कूटनीतिक नियोगमा (**बाँकी पृष्ठ २ मा**)




वैदेशिक रोजगारसम्बन्धी काम गर्ने इजाजत लिएर बसेका संस्थाहरूलाई बाहिर राखेर ल्याइएको निर्देशिकाप्रति हाम्रो आपत्ति छ ।
**■ विमल ढकाल**

बिचौलिया र मानव तस्करलाई फाइदा पुग्नेगरी निर्देशिका आएको छ । यसले स्थानीय तहमा बेथिति ल्याउने हुँदा तत्काल खारेज गर्नुपर्छ ।
**■ कुमुद खनाल**

स्थानीय तहलाई मौसमी कामदार पठाउने जिम्मा दिनु भनेको बेथिति र बिचौलियामार्फत गैरकानुनीरूपमा हुने आर्थिक चलखेललाई प्रश्रय दिनु हो ।
**■ राजेन्द्र भण्डारी**

अहिले कोरियाबाट मौसमी कामदारको माग आएका कारण सरकारले गरेको जिटुजी सम्झौताअनुसार नै पठाउनुपर्ने भएकाले निर्देशिका जारी गरिएको हो ।
**■ एकनारायण अर्याल**

### निर्देशिकामा के छ ?

सरकारले छोटो अवधिका लागि वैदेशिक रोजगारीमा जानेहरूलाई व्यवस्थापन गर्ने उद्देश्यले ल्याएको 'मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९'मा गन्तव्य मुलुकमा मौसमी कामदार पठाउन स्थानीय तहलाई अधिकार दिइएको छ । निर्देशिका अनुसार रोजगारदाता संस्था वा निकायले मागपत्र पठाउँदा नेपालको कुनै खास स्थानीय तहमार्फत उम्मेदवार छनोट गर्नेगरी मागपत्र पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

स्थानीय तहले मौसमी रोजगारीका लागि वैदेशिक रोजगारमा जाने योग्यता पुगेका नेपालीहरूबाट आवेदन माग गरी छनोट भएका कामदारको सूची र यसको १० प्रतिशत वैकल्पिक सूची वैदेशिक रोजगार विभागमा पठाउनुपर्नेछ । जसमा जातीय, लैंगिक र उमेरगत विविधता कायम हुने उम्मेदवार छनोट गर्नुपर्ने मापदण्ड तोकिएको छ । यदि मुख्य सूचीमा रहेका व्यक्ति कुनै कारणले मौसमी रोजगारीका लागि जान नचाहेमा वा नसकेका वैकल्पिक योग्यता सूचीमा रहेका व्यक्तिलाई छनोट गरी पठाउनुपर्ने व्यवस्था गरिएको छ ।

यसरी छनोटमा परेका कामदारहरूको सूची विभागले श्रम मन्त्रालयमार्फत गन्तव्य मुलुकको नेपालमा अवस्थित वा नेपाल हेर्ने कूटनीतिक नियोगमा पठाई नेपालको प्रचलित कानुनबमोजिम रोजगारदाताले सम्झौता गर्नुपर्नेछ । त्यसपश्चात् विभागको समन्वयमा पुनः स्थानीय तहमा छनोट (**बाँकी पृष्ठ २ मा**)

# सम्पत्तिको अधिकार कुण्ठित गर्दै प्रदेश १ सरकार

**■ जेबी योञ्जन**




- प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली संशोधन गरी ई-रिक्साको दर्ता र नवीकरण बन्द
- उपसचिव भीम गौतमको स्वार्थमा मन्त्री उपेन्द्र घिमिरेले नियमावली संशोधन गरेपछि ई-रिक्साधनीलाई सास्ती

**काठमाडौं–** कतार जान भनेर संखुवासभाको मादिरामेनीका डम्बरबहादुर गिरीले भएको ई-रिक्सा (विद्युतीय रिक्सा) बेचे । बेच्नुको कारण कतार जान पैसाको जोहो गर्नु हो । तर, किन्नेको नाममा उनले ई-रिक्सा नामसारी गर्न पाएका छैनन् ।

'पछिल्लोपटक मंसिर २१ गते इटहरीको यातायात व्यवस्था कार्यालय गएँ । त्यो भन्दा पहिले पनि गएको थिएँ । अहिलेको कानुनले यहाँबाट नामसारी हुँदैन भन्छ । नामसारी हुँदै भएन,' गिरीले भने । गिरीले प्र-१-०२-०३ ह- ५४८५ नम्बरका ई-रिक्सा नामसारी गर्न लागेका हुन् । नामसारी नै नभएपछि उनी समस्यामा छन् ।

२६ मंसिरमा धनकुटाको लेगुवाकी इन्दिरा श्रेष्ठ आफूले बेचेको ई-रिक्साको नामसारी गर्न सोही कार्यालय पुगिन् । गिरीको जस्तै उनको ई-रिक्साको पनि नामसारी भएन । 'मलेसिया जानुपर्‍यो भनेर बेचेको नामसारी भएकै छैन । फेरि, अहिले म बिरामी छु । काठमाडौंमा उपचार गर्दै छु,' उनले प्रभावसँग भनिन्, 'कतै दुर्घटना भयो भने मै पर्छु । तनाव छ, नामसारी नभएर ।' श्रेष्ठले बेच्ने व्यक्तिको नाममा नामसारी गर्न चाहेको ई-रिक्सा प्र १-२-००२ ह ९८७८ नम्बरको हो ।

गिरी र श्रेष्ठ मात्र होइनन्, इटहरीको यातायात व्यवस्था कार्यालयमा तेह्रथुमको जिरिखिम्तीका पूर्णबहादुर खड्का, इटहरी बस्दै आएका झापाको पाडाजुंगीका यमबहादुर निरौला, धनकुटाको महालक्ष्मी-२ का नवराज बुढाथोकी पनि ई-रिक्सा नामसारी नभएर हैरान छन् । इटहरी यातायात व्यवस्था कार्यालयमा जस्तै मेची यातायात व्यवस्था कार्यालय झापामा पनि ई-रिक्सा नामसारी गर्न जानेहरू दिनहुँजसो पुग्छन् । त्यहाँ पनि नामसारी हुँदैन । नामसारी नभएको गत असोज मसान्तदेखि हो ।

संशोधित प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावलीअनुसार नामसारी नभएको हो । ई-रिक्साको दर्ता र नवीकरण पनि भएको छैन । 'सम्वत् २०७९ साल असोज मसान्तसम्म तीन पांग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी यातायात व्यवस्था कार्यालयहरूबाट गरिनेछ । सो पछि तीन पांग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी कुनै पनि यातायात व्यवस्था कार्यालयहरूबाट गरिने छैन,' संशोधित प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली २०७८ मा उल्लेख छ । यो नियमावली १४ असोज २०७८ मा प्रदेश राजपत्रमा प्रकाशित भएको थियो ।

नियमावलीमा भएको यही व्यवस्थाले गर्दा नामसारीसँगै ई-रिक्साको दर्ता र नवीकरण प्रदेश मातहतको यातायात व्यवस्था कार्यालयबाट नभएको हो । ई-रिक्सा नामसारी गर्न चाहेकी श्रेष्ठ भन्छिन्, 'हाम्रो सम्पत्ति हामीले बेच्न नपाउने, नामसारी गर्न नपाउने भन्ने हुन्छ ? संविधानले त्यसो भन्छ ? सरकारले कसका लागि कानुन बनाउँछ ?'

हुन पनि संविधानको धारा २५ मा सम्पत्तिको हकअन्तर्गत बेच्न पाउने वा व्यावसायिक लाभ प्राप्त गर्ने अधिकार हरेक नागरिकलाई छ । श्रेष्ठले संविधानको यही अधिकार हनन् भएको गुनासो गरेकी छन् ।

प्रदेश १ को यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयका प्रवक्ता गौतमराज अमात्य भने प्रदेश संसद्‌बाट पारित भएको नियमावलीको कार्यान्वयन गरिएको बताउँछन् । 'नियमावलीअनुसार यातायात कार्यालयहरूबाट ई-रिक्साको नामसारी र दर्ता गराउन सक्दैनौं । यसो हुँदा जनतालाई समस्या त भयो होला,' उनले प्रभावसँग भने, 'हामीले ऐन कानुन बनाएर स्थानीय तहको यातायात शाखालाई नै दर्ता, नवीकरणदेखि नामसारीसम्मै गर्न अधिकार दिएका छौं । त्यसका लागि नमूना कार्यविधि पनि पठाएका छौं । अब स्थानीय तहले गर्नुपर्छ ।'

स्थानीय तहहरूमा भने मेकानिकल इञ्जिनियरको दरबन्दी नै छैन । त्यही कारण ई-रिक्सासहितका सवारीसाधनको दर्तादेखि नामसारी गर्ने क्रममा सवारी जाँचबुझ सम्भव छैन । त्यसो त स्थानीय तहलाई सवारी दर्तादेखि नामसारीसम्मका अधिकार प्रत्यायोजन गर्नु राम्रो भएको जानकारहरू बताउँछन् । यसबाट सवारी धनीलाई नै सहज हुने हो । तर, मेकानिकल इञ्जिनियर नै नभएको अवस्थामा स्थानीय तहलाई कार्यविधिको नमूना (**बाँकी पृष्ठ ७ मा**)




## विवादमा...

पृष्ठ १ बाट जारी

आवेदन दिने काम र वैदेशिक रोजगार व्यवसायीको भूमिका प्रस्ट पार्न संघले सरकारसँग आग्रह गरेको छ । विज्ञप्तिमा वैदेशिक रोजगारीलाई मर्यादित र सुरक्षित बनाउन सधैँ नेपाल सरकारको साथ रहेको बताउँदै स्थानीय तहलाई वैदेशिक रोजगारीको व्यवसायमा स्थान दिनु मुलुकका लागि गम्भीर संकट निम्त्याउनु रहेको एसोसिएसनले ठहर गरेको छ । साथै, स्थानीय तहहरूले विदेशबाट मागपत्र ल्याउने दक्षता नहुँदा अवाञ्छित बिचौलिया र मानव तस्करहरूले नाजायज फाइदा उठाउन सक्ने र गम्भीर आर्थिक, सामाजिक तथा पारिवारिक विचलन ल्याउन निर्देशिकाले ठाउँ दिएकाले उक्त निर्देशिका तत्काल खारेज गर्न माग गरिएको छ ।

एसोसिएसनका अध्यक्ष कुमुद खनालले कानुनबमोजिम करोडौं रकम धरौटी राखी इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसाय गरिरहेका व्यवसायीहरूलाई धराशायी बनाउने उद्देश्यले ल्याइएको निर्देशिकाको कुनै औचित्य नभएको बताए । 'बिचौलिया र मानव तस्करहरूलाई फाइदा पुग्नेगरी निर्देशिका आएको छ,' उनले भने, 'यसले स्थानीय तहमा आर्थिक, सामाजिक तथा पारिवारिक विचलन ल्याउने हुँदा तत्काल खारेज गरी व्यवसायीहरूको परामर्शमा अर्को उपयुक्त निर्देशिका बनाउन माग गर्दछौं ।'

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले पनि सरकारले ल्याएको निर्देशिकाप्रति असन्तुष्टि जनाएको छ । सबै गन्तव्य मुलुकलाई समेटेर लैजानसक्ने गरी निर्देशिका आउन नसकेको मञ्चका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'मौसमी रोजगारीका लागि कानुनले निर्दिष्ट गरेको कुनै पनि मुलुकमा जान सक्नेगरी निर्देशिका आउनुपर्थ्यो,' उनले भने, 'स्थानीय तहलाई मौसमी कामदार पठाउने जिम्मा दिनु भनेको बेथिति र बिचौलियामार्फत गैरकानुनीरूपमा हुने आर्थिक चलखेललाई प्रश्रय दिनु हो ।' अहिले जारी गरेको निर्देशिकाले राज्यलाई नै म्यानपावर व्यवसायी बनाउन खोजेको जस्तो भएको भन्दै उनले यसप्रति विरोध रहेको बताए ।

मन्त्रालयका अधिकारीहरूले भने निर्देशिकाको बचाउ गरेको छ । मन्त्रालयका सचिव एकनरायण अर्यालले अहिले जारी भएको निर्देशिका विशुद्ध दक्षिण कोरियामा मौसमी कामदार पठाउनका लागि बनाइएको बताए । 'अहिले कोरियाबाट मौसमी कामदारको माग आएका कारण सरकारले गरेको जिटुजी सम्झौताअनुसार नै पठाउनुपर्ने भएकाले निर्देशिका जारी गरिएको हो,' उनले भने, 'कोरियाका स्थानीय तहबाट नै कामदारको माग आउने र नेपालमा पनि स्थानीय तह नै यसप्रति जिम्मेवार हुने देखिएका कारण स्थानीय तहलाई अधिकार दिइएको हो ।'

दक्षिण कोरियामा इपिएस प्रणालीमार्फत कामदार गइरहेको र मौसमी कामदार पनि सरकारसँगको समन्वयमा मात्रै लैजाने भएका कारण म्यानपावर व्यवसायीलाई सम्बोधन गर्न नसकिएको सचिव अर्यालले बताए । अहिलेको निर्देशिकाले शून्य लागतमा मौसमी कामदारको रूपमा कोरिया जान पाउने व्यवस्था गरेको उनले जानकारी दिए ।

## निर्देशिकामा...

पृष्ठ १ बाट जारी

भएका कामदारको हस्ताक्षर गराई रोजगारीका लागि आवश्यक प्रक्रिया सुरु हुनेछ । मौसमी रोजगारीमा गएर सम्झौता समाप्त भएपछि त्यस्ता कामदारले पुनः रोजगारी प्राप्त गर्ने भएमा सम्बन्धित नेपाली कूटनीतिक नियोगमार्फत विभागमा जानकारी गराउनुपर्ने निर्देशिकामा उल्लेख गरिएको छ ।

यस्तै निर्देशिका अनुसार विभागले रोजगार सम्झौता भएका कामदारको हकमा भिसाका लागि सिफारिस गर्नेछ । साथै, मौसमी रोजगारीका लागि भिसा प्राप्त गरेका कामदारले सम्बन्धित मुलुक जानुअघि कम्तीमा दुई दिनको अभिमुखीकरण तालिम अनिवार्य लिनुपर्नेछ । यसैगरी कामदारले ऐनबमोजिम बिमांकमा नघट्नेगरी बिमा गर्नुपर्नेछ भने वैदेशिक रोजगार कल्याणकारी कोषमा लाग्ने रकम पनि दाखिला गर्नुपर्नेछ ।

प्रचलित कानुनबमोजिम एकपटक श्रम स्वीकृति लिएर गएको व्यक्तिले सोही रोजगारदाताकोमा पुनः रोजगारी पाउने भएमा त्यस्तो व्यक्तिलाई विभागले पूनः श्रम स्वीकृति प्रदान गर्न सक्ने निर्देशिकामा उल्लेख छ ।

## जिप्रका...

पृष्ठ १ बाट जारी

सम्पर्क गरिसकेपछि ३० मिनेटभित्रमा कार्ड प्राप्त गर्न सक्नेछन् । तयार भएको राहदानी वितरणमा सम्बन्धित फाँटमा पुगेपछि १५ मिनेटभित्रमा दिनेगरी समय तोकिएको छ । अन्य सेवामा पनि समय तोकिइसकेको र निकट भविष्यमै लागू गर्दै जाने काठमाडौं प्रशासनले जनाएको छ ।

मुख्यतः संस्था नवीकरण, नागरिकता प्राप्ति, नाबालिग परिचयपत्र, मुद्दा पेसी तोक्ने, मुद्दाको तारिख, प्रिन्ट भएर आएका राहदानी वितरण, राष्ट्रिय परिचयपत्र कार्ड वितरण, जिल्ला प्रशासनले गर्ने विभिन्न सिफारिसलाई समयबद्ध बनाइएको प्रशासनले जनाएको छ । अनुसन्धान सकिएपछि मुद्दाको अन्तिम किनारा ६० दिनभित्रमा सक्नेगरी टाइम कार्ड बनाइएको प्रशासनद्वारा जारी सूचनामा उल्लेख छ ।

यसैगरी प्रशासनबाट प्राप्त हुने यस्ता सेवाहरूमा गुनासो भएमा प्रजिअले शुक्रबारबाहेक अन्य बार ३ देखि ४ बजेसम्म गुनासो सुन्ने गरी आवश्यक व्यवस्थापन पनि गरिएको छ । आएका गुनासोलाई सुन्ने र त्यसलाई सम्बोधन गर्नेगरी प्रजिअलाई नै तोकिएको छ ।

प्रजिअ उपाध्यायले विगत लामो समयदेखिएको प्रयासमा राष्ट्रिय परिचयपत्र तथा नागरिकताको लाइन लाग्ने अवस्था हटेको जानकारी दिए । अझै प्रभावकारी सेवा वितरण गर्नका लागि आवश्यक सुधार गर्दै लगिने उनले बताए । परिचयपत्र र राहदानी वितरणमा अझै केही समस्या कायमै रहेको उनको भनाइ छ ।

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

१ नं. प्रदेश सोलुखुम्बु जिल्ला साविक सल्लेरी गा.वि.स. वडा नं.५ भई हाल सोलुदुधकुण्ड नगरपालिका वडा नं.५ बस्ने छेती शेर्पाको बुहारी ओङछु शेर्पाको पत्नी (ना.नं. १६९२/८६१ मिति २०३७/०१/०८ सोलुखुम्बु)को किलु शेर्पाले मेरो जेठानी ङिपुटी शेर्पाको मिति २०७३/१०/२५ मा दोर्जी शेर्पाको मिति २०५६/०५/१७ मा मृत्यु भएको, मेरो पति ओङछु शेर्पाको मिति २०३६/१०/२८ मा मृत्यु भएको र दोर्जी शेर्पा र ङिपुटी शेर्पाको दुइ जना सन्तानको जन्म भएको र नावालक छँदै दुवैको मृत्यु भएकोले ङिपुटी शेर्पाको मृत्युपछिको सबै भन्दा नजिकको हकदार म १ जना मात्र भएकोले ङिपुटी शेर्पाको नाममा रहेको तपशिल बमोजिमका जग्गा मेरो नाममा एकलौटी नामसारी पाउँ भनी द.नं.७१९ मिति २०७९/०९/१७ मा निवेदन पेश गर्नु भएको हुँदा तपशिल बमोजिमका जग्गाहरू कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

| निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
| १. | सोलुखुम्बु | सल्लेरी | ४ | १०३ | १०९० |

इति संवत् २०७९ साल पौष महिना २० गते रोज ४ शुभम्......।

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

१ नं. प्रदेश सोलुखुम्बु जिल्ला साविक काँकु गा.वि.स. वडा नं.४ भई परिवर्तित माप्य दुधकोशी गाउँपालिका वडा नं.५ बस्ने हस्त तामाङको नाति जस्मान तामाङको छोरा (ना.नं. ८२०७/३०९ मिति २०६३/०२/०२ सोलुखुम्बु)को रामे तामाङले र.नं.१५९ मिति २०५५/०४/०१ को रा.पा.ले लामा दण्डी तामाङले वीर बहादुर तामाङलाई रा.पा. गरिदिएको मैले हक निखलाई लिएको र मेरै हक भोगमा रहेका तपशील बमोजिमका जग्गाको सक्कल जग्गाधनी प्रमाण पूर्जा हराएकाले फिल्डबुक समेतको आधारमा श्रेस्ता कायम गरी प्रतिलिपी पूर्जा पाउँ भनी निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरू कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानुन बमोजिम भई जाने व्यहोरा समेत सम्बन्धित सवैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

| निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
| १. | सोलुखुम्बु | काँकु | ४ | ५९ | ९२५ |

इति संवत् २०७९ साल पौष महिना २० गते रोज ४ शुभम्......।

### कम्पनीको नाम परिवर्तन गारिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०९/२२

यस कम्पनीको मिति २०७९/०९/० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भीमदत्त नमुना इङ्गालिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि. नं. ५१४१५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०९/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गारी **श्रीकृष्ण एकेडेमी कञ्चनपुर प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गाराईन्छ ।

### कम्पनी खारेज गारिएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५७/०७/१७ मा दर्ता भएको प्रा.लि. नं. १४१८१ को अर्थ ट्राभल नेपाल प्रा. लि.को मिति २०७९/०८/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गारेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गार्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गारीएको छ ।

**लिक्विडेटर: राजु थापा, ठेगाना : बौद्ध-६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गारिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०४/२१ मा दर्ता भएको **प्रा.लि. नं. ७४८६०** को **एक्सीस ईन्जिनियरिङ्ग एण्ड कन्सल्ट्यान्ट्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०९/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ ।

### श्री सितल छहारी सामुदायिक वन उपभोक्ता समूह बबई १ दाङको समूह बाहिर काठ बिक्री सम्बन्धी सूचना

श्री सितल छहारी सामुदायिक बन उपभोक्ता समूहको बनबाट उत्पादन भई बबई १ रिमखोली दाङमा घाटगद्दी गरी राखिएको काठ बिभिन्न जातको ३९७९.४२ क्य. फि. तथा साल दाउरा २.०० चट्टा र अन्य दाउरा ०.२५ चट्टा जे जस्तो अबस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि बिस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, बन निर्देशनालय भैरहवामा डिभिजन बन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री सितल छहारी सामुदायिक बन उपभोक्ता समूह बबई गा.पा. वडा नं. १ दाङ**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पुर्व स्वीकृति मिति : २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०९/२१ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६४,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४३,२२५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २९ गते (13th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. ३०१/०५९/०६०

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH A AL BARRAK AND SONS CO

पूर्व स्वीकृति मिति २०७८/०६/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२० LT. No. 243233 चलानी नं. ६०१७२३५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 1 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

कम्पनी : ABDULLAH AL BARRAK AND SONS CO.

पूर्व स्वीकृति मिति २०७८/०४/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२० LT. No. 245627 चलानी नं. ६०१७२६२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 4 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH A AL BARRAK AND SONS CO

पूर्व स्वीकृति मिति २०७८/०६/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०९/२० LT. No. 247056 चलानी नं. ६०१७४८७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 4 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २८ गते (12th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यस विज्ञापन LT No. 243233/245627/247056 मिति: २०७९/०९/२१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम इजाजत नं. ११९८/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YOONGTEK VEGE SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२१ LT. No.278907 चलानी नं. ६०१९४४६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 4 | 0 | 1500 | ४५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : IRP MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२० LT. No.278775 चलानी नं. ६०१९४४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 1500 | ४५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २९ गते (13th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARZOUQ AWADALLAH ALTHOBITI GEN.CONT.EST

पुर्व स्वीकृति मिति २०७९/०९/२१ LT. No. 278963 चलानी नं. ६०१९४४९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 2 | 0 | 1000 | ३५,२३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Excavator Operator | 1 | 0 | 2500 | ८८,०७५ | | | | | | | |
| 3 | Heavy Truck Driver | 1 | 0 | 1800 | ६३,४१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २९ गते (13th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**

श्रम ईजाजत नं. ११९५/०७३/७४

Head Office: Kathmandu N.P.-34,New Baneshwor, Kathmandu, BAGMATI, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: isonepalos@gmail.com, URL: www.ishanint.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CANDY BOX STORE FOR BEVERAGE SERVICES

पुर्व स्वीकृति मिति २०७९/०९/२१ LT. No 278958 चलानी नं. ६०१९४४३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sweets Maker | 1 | 0 | 1200 | ४२,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ पौष २९ गते (13th Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPERB SOLUTIONS Pvt.Ltd.**

श्रम ईजाजत नं. २६४/०५८/०५९

P.O.Box: 2770, Kalimatidole, Kathmandu, Nepal. Tel: +977-1-4495108, 4461243, Fax: +977-1-4498210
Mobile No. 9851324654, 9812355544, 9851077524

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :TARIQ AL GHANIM FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति:२०७८/०७/११ पुन विज्ञापन स्वीकृति मिति:२०७९/०९/२१ LT. No. 249533 चलानी नं. ६०१६६४९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 27 | 0 | 95 | ४१,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | SCAFFOLDER | 102 | 0 | 130 | ५६,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: पुस २९ देखि माघ २ गते (13th To 16th Jan. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**

Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com

श्रम ईजाजत नं. ८२०/०६६/०६७

# राहदानी विभागमा आइपुग्यो प्राविधिक टोली

■ प्रभाव संवाददाता

**काठमाडौं–** राहदानी विभागको सफ्टवेयर व्यवस्थापनको जिम्मा लिएको आइडिमिया कम्पनीले आफ्ना उच्च तहका प्राविधिकलाई नेपाल पठाएको छ । प्रधानमन्त्री पुष्पकमल दाहालको निर्देशनपछि कम्पनीले प्राविधिक पठाएको हो ।

त्रिपुरेश्वरस्थित राहदानी विभागको सफ्टवेयरमा समस्या देखिएको भन्दै विभागले राहदानी वितरणको काम अनिश्चितकालका लागि स्थगित गरिएको सूचना जारी गरेको थियो । उक्त सूचनापछि प्रधानमन्त्री कार्यालयले तत्परता लिँदै सफ्टवेयर र प्रणालीको अनुगमन तथा निरीक्षण गरेपछि कम्पनीले आफ्ना विशेषज्ञ पठाएको प्रधामन्त्रीको सचिवालयले जनाएको छ ।

बुधबार प्रधानमन्त्री कार्यालयले विभागमा प्राविधिक टोली पठाएको थियो । त्यसक्रममा भएको छलफलअनुसार बिहीबार पुनः टोलीले विभागका जिम्मेवार पदाधिकारी तथा कम्पनीका नेपालस्थित प्रतिनिधिसँग छलफल सुरु गरेको बताइएको छ। प्रधानमन्त्री कार्यालयबाट डेटाबेस विशेषज्ञ, प्रोग्राम एक्सपर्ट, मन्त्रालयका सूचना तथा प्रविधि शाखाका उच्चपदस्थ कर्मचारीलगायतले त्रिपुरेश्वरस्थित विभागमा पुगेर प्राविधिक अध्ययन गरेका थिए ।

टोलीले सफ्टवेयरमा देखिएको समस्या पहिचान गर्ने प्रणाली र प्रक्रिया के कस्तो छ भन्ने कुरा प्राविधिकरूपमा पहिचान गर्न आवश्यक अवलोकन गरेको थियो । त्यसलगत्तै कम्पनीको चीनमा रहेको मुख्यालयका प्राविधिकहरूसँग प्रधानमन्त्री कार्यालयको टोलीले हाल देखिएको समस्याका बारेमा कन्फ्रेन्स कलमार्फत कुराकानी गरेको थियो ।

भिडियो कन्फ्रेन्समार्फत भएको कुराकानीमा प्रधानमन्त्री कार्यालयको टोलीले कम्पनीको प्राविधिक समस्याका कारण सयौं नेपालीले समस्या झेल्नुपरेकोले सम्झौताअनुरूप कम्पनीले तत्काल नै सफ्टवेयरलाई पूर्णक्षमतामा सञ्चालन गर्न निर्देशन दिएको थियो । त्यसलगत्तै कम्पनीले आफ्ना दुई जना उच्चस्तरका प्राविधिकलाई बिहीबार नेपाल पठाएर समस्यालाई थप पहिचान गरी हल गर्न सहमति जनाएको हो ।

यसअघि प्रधानमन्त्री दाहालले बिहीबार नै उपप्रधान तथा गृहमन्त्री, मुख्यसचिव, परराष्ट्र सचिव, राहदानी विभागका महानिर्देशकलगायतसँग समस्या तत्काल हल गर्न छलफल गरेका थिए । छलफलमा तत्काल देखिएको प्राविधिक समस्या हल गर्ने र लामो लाइनमा बस्नु नपर्नेगरी छिटो छरितोरूपमा राहदानी सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउन प्रधानमन्त्रीले निर्देशन दिएका थिए ।

# त्रिविमा आर्थिक अभाव

**काठमाडौं (प्रस)–** सरकारले पर्याप्त बजेट उपलब्ध नगराउँदा मुलुकको पहिलो विश्वविद्यालय (त्रिवि)ले आर्थिक अभाव बेहोर्नुपरेको छ । पर्याप्त बजेट नहुँदा त्रिभुवन विश्वविद्यालयले अवकाशप्राप्त प्राध्यापक र कर्मचारीलाई साउनयता पेन्सन पठाउन सकेको छैन ।

विश्वविद्यालय अलुम्नाइ एसोसिएसनको चौथो राष्ट्रिय सम्मेलनको उद्घाटनमा बोल्दै विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. पेशल दाहालले पेन्सन खुवाउन नसकिएको बताए । विश्वविद्यालयले गत आर्थिक वर्षमा २८ अर्ब रूपैयाँ बजेट विश्वविद्यालयसभाबाट पारित गरेको थियो । तर, सरकारले नौ अर्ब रूपैयाँ मात्र बजेट दिएको उनले जानकारी दिए ।

विश्वविद्यालयले १० अर्ब रूपैयाँ तलब र भत्ता तथा चार अर्ब रूपैयाँ पेन्सनमा खर्च गर्दै आएको रजिस्ट्रार दाहालले बताए । कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटाले विश्वविद्यालयमा १६ हजार ६५ जना शिक्षक र कर्मचारीको दरबन्दी रहेकोमा सरकारले १३ हजार जनाका लागि मात्रै तलब भत्ता पठाउने गरेको बताए ।


## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: T.A. FURNITURE INDUSTRIES SDN. BHD.**
**कम्पनी : टि.ए. फर्निचर इन्डस्ट्रिज एसडिएन. बिएचडि.**

Pre Approval Date : 2023-01-04 | LT. No.278793 | Invoice No. 60194433
पूर्व स्वीकृति मिति : २०७९/०९/२० | एल टि न. २७८७९३ | चलानी नं. ६०१९४४३३

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | २५ 25 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४५,०८० 45,080 | क. नियम अनुसार As per the com pany rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

SWIFT H.R. SOLUTION PVT.LTD does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 13th January, 2023 in office premisees.**
**अन्तर्वार्ता मिति २०७९ पौष २९ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

**COMPANY: LOTUSS STORES (MALAYSIA) SDN BHD**
**कम्पनी : लोटस स्टोंस् (मलेसिया) एसडिएन. बिएचडि.**

Pre Approval Date : 2023-01-05 | LT. No.278922 | Invoice No. 60194466
पूर्व स्वीकृति मिति : २०७९/०९/२१ | एल टि न. २७८९२२ | चलानी नं. ६०१९४४६६

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब: Monthly Salary रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | गोदाम सहायक Warehouse Assistant | ५० 50 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४५,०८० 45,080 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोट:** आबेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund — ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer
सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it — रोजगारदाताले ब्यहार्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।

NEPAL RECRUITMENT CONSULTANCY PVT.LTD. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Pre-Interview will be conducted on 13th Jan. while Final Interview will be conducted on 16th , 2022 in office premisees.**
**प्रि-अन्तर्वाता मिति २०७९ पौष २९ मा हुनेछ भने फाइनल अन्तर्वाता माघ ६ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।

**We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :-** १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

